**Journal of Research in Education (JoRE)**
**ISSN:** 3059-9741
**Published by:** Journal of Research in Education (JoRE)
**A Multidisciplinary Peer Reviewed Open Access Journal**
**Email:** jore.centralcampus@gmail.com
Website: http://education.fwu.edu.np/

# नेपाली भाषा सिकाइमा शिक्षक विद्यार्थीका कक्षा व्यवहार

**लक्ष्मीप्रसाद आचार्य**

उपप्राध्यापक
मध्यपश्चिम विश्वविद्यालय, सुर्खेत
acharya111laxmi@gmail.com

## अध्ययनको सार

*प्रस्तुत अध्ययन शिक्षक विद्यार्थीले कक्षामा प्रदर्शित गरेका व्यवहारको विश्लेषणमा आधारित छ । यसमानेपाली भाषा शिक्षणका क्रममा शिक्षक र विद्यार्थीका व्यवहारको विश्लेषण गरी सिकाइ वातावरणको लेखाजोखा गर्ने उद्देश्य राखिएको छ। गुणात्मक अध्ययन ढाँचाको उपयोग भएको यस अध्ययनमा दैलेख जिल्लाको गुराँस गाउँपालिकाका विद्यालयमा कार्यरतपाँचजना शिक्षक र तिनले अध्यापन गरेका कक्षाका विद्यार्थीहरूलाई सहभागी बनाइएको छ । उनीहरूका कक्षा कार्यकलापको अवलोकनका आधारमा सङ्कलित तथ्याङ्कको विश्लेषण गरी नतिजा पहिल्याइएको छ। विश्लेषणबाट प्राप्त नतिजालाई पूर्वकार्यहरूको समीक्षाबाट तयार गरिएका प्रतिमान र पूर्वअध्ययनका निष्कर्षका आधारमाछलफल गरी निष्कर्ष पहिल्याइएको छ। कक्षामा शिक्षक विद्यार्थीबाट सकारात्मक र नकारात्मक ( सुधारात्मक) दुवै किसिमका व्यवहार देखाएका छन्। यी दुवै प्रकृतिका व्यवहारलाई स्वाभाविक रूपमा लिनुपर्ने, नकारात्मक व्यवहारलाई सुधार गर्नुपर्ने, व्यवहारलाई मानवीय गुणदोषका रूपमा लिई सोहीअनुसार व्यवहार गरिनुपर्ने नतिजा निकालिएको छ। यीमध्येनकारात्मक व्यवहारमा नियन्त्रण र सकारात्मक व्यवहारमा निरन्तरता कायम राख्न सकिएको खण्डमा नेपाली भाषा शिक्षण सिकाइ सहज र प्रभावकारी बन्नेनिष्कर्ष प्रस्तुत गरिएको छ ।*

**मुख्य शब्दावली** : *उत्प्रेरणा, निर्णायक, पूर्वाग्रह, समन्वय, सुधारात्मक*

## परिचय

कक्षाकोठामा प्रस्तुत सहभागीका व्यवहार शिक्षण सिकाइका लागि कक्षामा शिक्षक र विद्यार्थीले विभिन्न किसिमका भाषिक तथा क्रियात्मक आचरण प्रदर्शित गर्छन् तिनलाई कक्षाका व्यवहार भनिन्छ । कक्षा कार्यकलापका क्रममा विद्यार्थी र शिक्षकका व्यक्तिगत र सामाजिक व्यवहार निर्णायक मानिन्छन् । ती व्यवहार शिक्षण सिकाइसापेक्ष र निरपेक्ष दुवै प्रकृतिका रहने भएकाले ती व्यवहार भाषा सिकाइका लागि कुनै साधक र कुनै बाधक हुन सक्छन् । त्यस किसिमका व्यवहार कुनै अनजान र कुनै जानीजानी प्रस्तुत हुने मानिन्छ । यस किसिमकाशिक्षक विद्यार्थी व्यवहारले कक्षामा मनोवैज्ञानिक वातावरणको निर्माण गर्छन् । सिक्ने सिकाउने प्रक्रियामा आपसमा विभिन्न कार्यसम्पादन गर्दा देखापर्ने व्यवहार नै सिकाइ प्रक्रियाका निर्णायक रहन्छन् । नेपाली बृहत् शब्दकोश (२०४०)माव्यवहारलाई "पारिवारिक तथा सामाजिक जीवनमा एक व्यक्तिले अरु व्यक्ति सँग गर्ने आचरण" भनेर अर्थ्याइएको छ । यसलाई व्यक्तिका सामाजिक क्रियाकलापमा प्रस्तुत हुने अवलोकनयोग्य, पहिचानयोग्य घटनाजन्य अवस्थामानिन्छ -शाह, सन् २००९, पृ.३)।यसरी व्यवहारलाईव्यक्तिको व्यवहारमा झल्किने आचरणका रूपमा प्रस्तुत हुने गतिविधिका रूपमालिइएको छ।

शिक्षक विद्यार्थीका व्यवहारले कक्षामासंस्कारको निर्माण गर्छन् ।व्यवहार कुनै देखिने, मूर्त हुन्छन् भने कुनै अमूर्त हुन्छन् तिनलाई पहिचान गर्न सक्नु पर्छ । ती मूर्त र अमूर्त व्यवहारबाट शिक्षक विद्यार्थीका बिचको आपसी सम्बन्ध, कक्षाको सिकाइ वातावरण निर्माण भएको हुन्छ । ती व्यवहार सकारात्मक वा नकारात्मक दुवै वा कुनै हुन सक्छन् । त्यस किसिमका व्यवहारको मात्रात्मक अवस्था पनि फरक फरक हुन सक्छ । त्यही मात्राले सिकाइको स्तरसँग ऋणात्मक र धनात्मक दुवै प्रकारको सम्बन्ध राख्छ । असामाजिक व्यवहारको मात्र अधिक भए सिकाइ कमजोर र सकारात्मक व्यवहारको मात्रा बढी भए सिकाइ पनि बलियो हुने अवस्था रहन्छ । सहभागीका व्यवहार सिकाइ प्रक्रियामा संस्कारका रूपमा देखिने गर्दछन् ।

भाषा कक्षामा गरिने शिक्षक विद्यार्थी व्यवहारको अध्ययनबाट भाषा सिकाइवातावरणको अध्ययन गरिन्छ । यसबाट भाषा कक्षाको वास्तविक अवस्था कस्तो छ भन्ने कुराको पूर्वानुमान गर्न सकिन्छ । कक्षामा शिक्षक विद्यार्थीका सकारात्मक व्यवहारको बाहुल्य रहनु सिकाइको वातावरण अनुकूल रहेको मान्नु पर्छ । कक्षामा शिक्षक विद्यार्थी सिक्न र सिकाउन तत्पर रहेका, कक्षा छलफल, प्रश्न उत्तर, क्रिया प्रतिक्रियाको अवस्था सिकाइमुखी रहेको स्वीकार्न सकिन्छ । यसले भाषा कक्षामा सिकाइका लागि शिक्षक विद्यार्थी शारीरिक तथा मानसिक दुवै रूपमा तयार रहेको अर्थ लाग्दछ । अन्यथा यसको अर्थ उल्टो हुन जान्छ । यसर्थ भाषा सिकाइको वास्तविक अवस्था पहिचानका लागि शिक्षक विद्यार्थीका व्यवहारको अध्ययन

मुख्य समस्याका रूपमा देखापर्छ । सहभागीका व्यवहारका अध्ययन नगरी भाषा सिकाइसँग सम्बन्धित अध्ययन वास्तविक, विश्वसनीय र पूर्ण बन्न सक्दैन।

प्रस्तुत अध्ययन भाषा सिकाइका क्रममा शिक्षक र विद्यार्थीले के कस्ता व्यवहार प्रदर्शित गर्छन् भन्ने मूल समस्यामा आधारित छ । उनीहरूको व्यक्तिगत र सामाजिक व्यवहारमा केन्द्रित अध्ययनका आधारमा शिक्षण सिकाइका क्रममा तिनको प्रभावलाई केलाइएको छ ।यसमा शिक्षक र विद्यार्थीका कारण कक्षा शिक्षणमा निर्मित वातावरण ( सकारात्मक र नकारात्मक) को पहिचान गरिएको छ । कक्षाकोठामा शिक्षक र विद्यार्थीले प्रदर्शन गर्ने व्यवहारको विश्लेषणका आधारमा भाषा सिकाइमा तिनको प्रभावबारे पूर्वानुमान गर्ने उद्देश्यमा यो अध्ययन आधारित छ ।सहभागीका व्यवहारले शिक्षण सिकाइ प्रक्रियामा पार्ने असरको पहिचान गरी तिनलाई उपयोग गर्ने आधार प्रस्तुत गर्नेतर्फ यो अध्ययन केन्द्रित छ । यसबाट भाषा सिकाइमा शिक्षक विद्यार्थी सकारात्मक व्यवहारको अभिवृद्धि तथा नकारात्मक व्यवहारमा नियन्त्रण तथा सुधार गरी भाषा शिक्षण सिकाइका लक्ष्य हासिल गर्न सहयोग पुग्ने अपेक्षा राखिएको छ ।

## सैद्धान्तिक पर्याधार

कक्षा कार्यकलापमा विद्यार्थी र शिक्षकका व्यवहारको अध्ययनका विभिन्न मानदण्ड निर्माण गरिएको छ । शिक्षक विद्यार्थी व्यवहारको अध्ययनका लागि तिनको पहिचान, वर्गीकरण र कारणका खोजी गरिन्छ । ती व्यवहारलाई सकारात्मक र नकारात्मक मान्ने आधार निर्माण गर्ने विषय यस सन्दर्भमा प्रमुख मानिन्छ । विद्यार्थीका नकारात्मक व्यवहारलाई सुधार गर्न सकिने भए तापनि शिक्षकका ससाना व्यवहारले विद्यार्थीमा मनोवैज्ञानिक रूपमा अधिक प्रभाव पारेका हुन्छन् । शिक्षकका व्यवहारले विद्यार्थीमा शिक्षक रिसाउने, झर्किने, पूर्वाग्रह राख्ने, विद्यार्थीका प्रतिक्रियालाई सही किसिमले ग्रहण वा व्यवस्थापन नगर्ने अवस्था रहेको खण्डमा भाषा सिकाइ सम्भव हुँदैन । अर्कोतर्फ शिक्षकबाट सद्भाव, उत्साह, न्याय, प्रेरणा, सहयोग, समन्वय, सहज समाधान प्राप्त भएमा सिकाइ लक्ष्य प्राप्त गर्न सम्भव बन्दछ । यसरी शिक्षकका ससाना कुराले विद्यार्थीको सिकाइमा ठूलो प्रभाव पार्ने कुरामा अध्येता एकमत छन् ।

भाषा कक्षामा गरिने विभिन्न कार्यकलापबाट विद्यार्थीमा भाषिक सिपको विकास गरिन्छ । विद्यार्थीले देखाउने सामाजिक तथा असामाजिक व्यवहार नै कक्षाकार्यकलापका मुख्य आधार मानिन्छन् । फ्रेडिक्स, ब्लुमेनफेल्ड र पेरिस (सन् २००४) का विचारमा सिकाइ प्रक्रियाका महत्त्वपूर्ण निर्धारक मानिने विद्यार्थीका अध्ययन बानी र अध्ययनप्रतिको दृष्टिकोण तिनीहरूका व्यवहारबाट नै प्रस्तुत हुने गर्दछन् । कक्षामा विद्यार्थी शिक्षकका निर्देशन पालना गर्छन्, कक्षाकार्य, गृहकार्य जाँगरका साथ गर्छन्, आवश्यक परेको बेला बोल्ने अन्यथा शान्त रहन्छन्, छलफलको विषयमै केन्द्रित रहन्छन्, नयाँ सन्दर्भ, विषयको उठान, निष्कर्षको


पहिचान गर्छन् भने त्यस किसिमको कक्षामा सिकाइको स्तर उच्च रहन्छ । अर्कोतर्फ विद्यार्थी आपसमा खासखुस गरिरहन्छन्, विषयान्तर भइरहन्छन्, कक्षाकार्य, गृहकार्यमा जाँगर गर्दैनन् भने त्यस किसिमका विद्यार्थीले सिक्न सक्दैनन् । सन र सेक (सन् २०१२) का मतमा विद्यार्थीका असामाजिक व्यवहार (दुर्व्यवहार)ले कक्षाकोठाको व्यवस्थापन, क्रमिकता र सिकाइ तथा शैक्षणिक उपलब्धिमा नकारात्मक प्रभाव पार्छन् । लपेज र अन्य (सन् २०१७, पृ.४७३) ले विद्यार्थीका असामाजिक व्यवहारले कक्षाको दशदेखि तिस प्रतिशत समय खेर फाल्न बाध्य बनाउने विचार प्रस्तुत गरेका छन्। यसरी सिकाइ विद्यार्थीका लागि गरिने भएकाले तिनीहरूका व्यवहार सिकाइ प्रक्रियामा निर्णायक रहने देखिन्छ ।

कक्षामा शिक्षक विद्यार्थीका व्यवहारको अध्ययन विश्लेषणका लागि अध्येताहरूबाट आआफ्नै मानदण्डको निर्माण गरिएको पाइन्छ । ती मानकहरू शिक्षण व्यवहार, मानवीय व्यवहार, सिकाइका लक्ष्यसँग सम्बन्धित बनाइएको छ । हेइन (सन् २०१२, पृ.९) ले शिक्षक विद्यार्थीका व्यवहारलाई दुई स्वतन्त्र व्यावहारिक आयाम अन्तरवैयक्तिक व्यवहार र शिक्षण शैली (शिक्षकका लागि) तथा सिकाइमा लगाव (विद्यार्थीका लागि) मा विश्लेषण गर्न सकिने विचार प्रस्तुत गरेका छन् । रसिद र जमान (सन् २०१८, पृ. ५) ले कक्षामा शिक्षक व्यवहारलाईस्पष्टता, उत्साह, अन्तरक्रिया, सङ्गठन, भूमिका, खुलासा, प्रस्तुति, सम्बन्ध गरी आठ तत्त्वमा अध्ययन गर्न सान्दर्भिक हुने मान्यता प्रस्तुत गरेका छन् ।दास (सन् १९९३) लेकक्षामा शिक्षक विद्यार्थी व्यवहारलाई प्रतिक्रिया व्यवहार, साहचर्य व्यवहार, बहुविभेदीकरण, व्यवहार शृङ्खला, श्रेणी अवधारणा व्यवहार, सिद्धान्तहरू र रणनीतिहरू गरी सात वर्गमा अध्ययन गर्नुपर्नेतर्क राखेका छन् (शाह, सन् २००९, पृ.९ उद्धृत) ।सिबाउट र वेन्डेल (सन् १९९४) ले शिक्षक विद्यार्थीका कक्षा व्यवहार अध्ययनका लागि यसप्रकारका मानदण्ड निर्माण गरिनुपर्ने धारणा राखेका छन् :

> प्रभावकारी कक्षा व्यवहारको लागि शैक्षिक लक्ष्यप्रति प्रतिबद्धता, उच्च अपेक्षायुक्त परिस्थितिको निर्माण, निर्देशनात्मक नेतृत्व, शक्तिशाली र गतिशील समूह कार्य, प्रभावकारी परामर्श, पद्धति र अनुशासनको सिर्जना, स्रोतको क्रमबद्ध सङ्गठन, समयको अधिकतम उपयोग, परिणामको मूल्याङ्कन गरी नौ प्रकारका मानदण्ड निर्माण गर्न उपयुक्त देखिन्छ । (पृ.२१०-२३५)

यस अध्ययनमा शिक्षक र विद्यार्थी दुवैबाट प्रदर्शित गरिने सकारात्मक र नकारात्मक व्यवहारलाई यस अध्ययनमा केन्द्रीय पक्ष बनाइएको छ । शिक्षकका सकारात्मक व्यवहारबाट शिक्षणको प्रभावकारिता, सिकारुमा उत्साह, सिकाइका लागि उपयुक्त वातावरणको पहिचान गर्न र विद्यार्थीका सकारात्मक व्यवहारबाट कक्षाकार्यकलापमा सहयोग, जिम्मेवारी निर्वाह, कक्षा अनुशासनको अवस्थामा पहिचान र विश्लेषणको उपाय अपनाइएको छ । शिक्षक विद्यार्थी व्यवहारको विश्लेषणका लागिउल्लिखित मान्यतालाई आधार बनाएरशिक्षक विद्यार्थी

व्यवहार अध्ययनका लागि यस किसिमका चरहरूसहितको अवधारणात्मक ढाँचा निर्धारण गरिएको छ ।




माथिको आरेखमा प्रस्तुत शिक्षक विद्यार्थी व्यवहारसँग सम्बन्धित उल्लिखित चरहरूका आधारमा माध्यमिक तहमा नेपाली शिक्षणका क्रममा प्रदर्शित विभिन्न व्यवहारलाई अध्ययन गरिएको छ । यसबाट ती सकारात्मक र नकारात्मक व्यवहारको मात्राको आधारमा सम्बन्धित कक्षामा गरिएको नेपाली भाषाको सिकाइ प्रक्रियालाई सबल वा कमजोर रहेको निर्णय दिने आधार निर्माण भएको छ ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत अध्ययनमागुणात्मक ढाँचा अन्तर्गत क्षेत्रकार्य विधिका अध्ययन प्रक्रियालाई उपयोगमा ल्याइएको छ। यसका लागि अध्येता स्वयं सम्बन्धित कक्षाकोठामा गई शिक्षक विद्यार्थी व्यवहारकोप्रत्यक्ष अवलोकनगरी श्रव्यदृश्य रेकर्ड र क्षेत्र पुस्तिकामा टिपिएको छ। अध्ययनका लागिदैलेख जिल्लाको गुराँस गाउँपालिकाभित्र माध्यमिक तह सञ्चालित पाँचओटा विद्यालयलाई अध्ययन क्षेत्रका रूपमा लिइएको छ। ती विद्यालयमा माध्यमिक तहमा अध्यापन गर्ने स्थायी सेवामा कार्यरत पाँचजना शिक्षकका प्रतिशिक्षक तीनओटा गरीपन्ध्रओटा कक्षा अवलोकनका लागि छानिएको छ।सहभागी छनोटको यस कार्यका लागि उद्देश्यमूलक नमुना छनोट विधिलाई आधार मानिएको छ। कक्षा अवलोकनमा विधागत, अभ्यासगत र कार्यकलापगत विभिन्नतालाई प्रतिनिधित्व कायम गराइएको छ।अवलोकनका क्रममा शिक्षक र विद्यार्थीद्वारा गरिएका कक्षा कार्यकलापको रेकर्ड र कतिपय व्यवहारको टिपोट गरेर अध्ययनीय सामग्री सङ्कलन गरिएको छ। कक्षा सञ्चालनका नियमित प्रक्रियामा असर नपारी सधैँजसो जुन रूपमा कक्षा सञ्चालन गरिन्थ्यो सोही अनुसार नै कार्यकलाप गर्न गराउन अनुरोध गरी आवश्यक सूचना लिइएको छ।

शिक्षक र विद्यार्थीबिचको सामाजिक, भाषिक व्यवहारबाट कक्षा सञ्चालन गरिन्छ।यिनै सामाजिक व्यवहार तथा भाषिक तथा अभाषिक क्रियाकलापलाई अध्ययनीय सामग्री मानिएको छ।अवलोकनका क्रममा यिनै व्यवहारको रेकर्ड तथा क्षेत्र पुस्तिकामा टिपोट गरिएको छ। तथ्याङ्क सङ्कलन गरिसकेपछि त्यसको योजनावद्ध विश्लेषणका प्रक्रिया अपनाइएको छ। सङ्कलित सामग्रीको अभिलेखन, मुख्य कार्यकलापको टिपोट, तिनको समूहीकरण र सार (थिम)को पहिचान गरिएको छ। तथ्याङ्क विश्लेषणका क्रममा शिक्षकका भनाइलाई जस्ताको तस्तै प्रस्तुत गर्ने सन्दर्भमा शिक्षक पहिलो, दोसो, तेस्रो चौथो र पाँचौं शब्द सङ्केत राखिएको छ।विश्लेषणबाट प्राप्त नतिजामा पूर्वअध्यनका सार, स्थापित मानदण्ड, विद्वानहरूका कथन, अध्ययनका प्राप्तिका आधारमाछलफलको आयोजना गराई अध्ययनको निष्कर्ष पहिल्याइएको छ।

## व्याख्या विश्लेषण

प्रस्तुत अध्ययनमा कक्षा कार्यकलापमा शिक्षक र विद्यार्थीद्वारा प्रस्तुत सामाजिक तथा भाषिक व्यवहार र आचरणको खोजी गरिएको छ। यसका लागि तिनका व्यवहारको टिपोट तथा तिनको विश्लेषणका गरी सकारात्मक र नकारात्मक व्यवहारको मात्रालाई छलफलको विषय बनाइएको छ। यसका आधारमा कक्षामा नेपाली भाषा शिक्षण सिकाइका लागि सहज वातावरण सहज रहेनरेको तथ्यपहिल्याइएको छ। यसमा ओबाकी (सन् २०१७; मिलर र कनिङघम, सन् २००३) द्वारा कक्षामा प्रस्तुत शिक्षक विद्यार्थी आचरणका आधारमा शैक्षणिक प्रक्रियाहरू सम्पन्न भई सिकाइ वातावरणको निर्माण हुने मान्यतालाई यस अध्ययनीय आधार

बनाइएको छ । यसले शिक्षक विद्यार्थीका कक्षा व्यवहारको विश्लेषण गर्ने आधार समेत प्रदान गरेको छ ।यसबाट प्राप्त निष्कर्षविद्यमान नेपाली भाषा सिकाइकोपूर्वानुमान गर्ने मानदण्डका रूपमा उपयोग गरिएको छ ।अध्ययनका लागि सङ्कलित तथ्याङ्कको विश्लेषणबाट पहिचान गरिएका शिक्षक र विद्यार्थीका व्यवहार यसप्रकार रहेको नतिजा प्राप्त भएको छ ।

## शिक्षकका व्यवहार

कक्षाकार्यकलापका क्रममा शिक्षकद्वारा प्रस्तुत हुने आचरणलाई शिक्षकका व्यवहार मानिन्छ। प्रस्तुत अध्ययनमा शिक्षक विद्यार्थी कक्षाकार्यकलापको अवलोकनबाट प्राप्त तथ्याङ्क सङ्कलनका क्रममा प्राप्त सूचनाका आधारमा शिक्षक व्यवहारको चर्चा गरिएको छ । शिक्षक व्यवहारलाई शैक्षणिक, वैयक्तिक, सामाजिकजस्ता विभिन्न प्रकारमा प्रस्तुत गर्न सकिन्छ । शिक्षकले सिकाइका लागि विषयसम्बद्ध छलफलमाशैक्षणिक व्यवहार देखाएका छन् । ती व्यवहार प्रदर्शन गर्ने क्रममा शिक्षकका व्यक्तिगत आनीबानी पनि प्रस्तुत भएका छन् ।यस अध्ययनमा शिक्षकबाट प्रदर्शित व्यवहारलाई शैक्षणिक र वैयक्तिक व्यवहारका रूपमा वर्गीकरण गरी प्रस्तुत गरिएको छ ।

### *शैक्षणिक व्यवहार*

शिक्षकका शैक्षणिक व्यवहार अन्तर्गत शिक्षण योजना निर्माण, विद्यार्थी उत्प्रेरणा, कार्यकलापमा समन्वय, कक्षा नियमितता, अभ्यासको अवसर, समयको परिपालना, विद्यार्थी प्रतिक्रियाको ग्रहण, टिप्पणी तथा उपयोग, निर्देशन, वातावरणको निर्माण, पृष्ठपोषणप्रदान लगायतका कार्यमा प्रस्तुत व्यवहारको अध्ययन गरिएको छ ।

**शिक्षण योजना** : शिक्षकहरूको शिक्षण सिकाइसम्बद्ध आचरणका रूपमा शिक्षण योजना निर्माण रहेको छ। शिक्षकहरूले नेपाली विषय शिक्षणका लागि वार्षिक अध्यापन योजना बनाएका छन् । एउटा पाठलाई कति दिनमा छलफल तथा अभ्यास गराउने भन्ने योजनासहित कक्षा सञ्चालन गरेको देखिन्छ । दैनिक पाठ योजनालिखित रूपमा तयार गरेका छैनन् । उनीहरूले कक्षाको परिस्थिति, विद्यार्थीको प्रतिक्रिया अनुसार कक्षा कार्यकलापको आयोजनागरेकाछन् । यसबाट विद्यार्थीको मनोभावको सम्बोधन गर्ने प्रयत्न भएको छ साथै अघिल्लो दिनको छलफललाई समेत जोडिएको छ ।

**विद्यार्थी उत्प्रेरणा** : नेपाली भाषा शिक्षणका क्रममा शिक्षकबाट प्रदर्शित गरिएको शैक्षणिक व्यवहार विद्यार्थी उत्प्रेरणा रहेको छ । अधिकांश कक्षामा विद्यार्थी उत्प्रेरणाका लागि शिक्षकले कक्षाको सुरुमा ध्यानाकर्षणका क्रियाकलापका रूपमा चुटकिला, मुक्तक, रमाइलो सन्दर्भ, हाँसोठट्टा समेत गरेका, कक्षाको बिचमा पनि चाख उत्पन्न गराउने विषयको प्रयोग गरेका छन् ।कतिपय कक्षामा यसप्रकारको उपायविना कक्षा कार्यकलाप सञ्चालनमा ल्याइएको छ । कार्यकलापको क्रममा जोडी निर्माण गर्दा एकजनालाई उठाएर मन परेको साथी छान्न

दिने,स्याबास, धन्यवाद, ठिक भन्यौ, राम्रो लगायतका मौखिक उपाय अपनाएका छन् । यसका साथै हँसिलो अनुहारमा प्रस्तुत हुने, इच्छुकलाई अवसर र लजाउनेलाई प्राथमिकता दिने कार्यको माध्यमबाट पनि विद्यार्थी उत्प्रेरणाका आचरण प्रस्तुत गरेका छन् । कक्षामा विद्यार्थी सङ्ख्या र उनीहरूका वैयक्तिक व्यवहारले यस कार्यमा बाधा पारेको देखिन्छ ।

**कार्यकलापमा समन्वय** : शिक्षकबाट प्रस्तुत अर्को सकारात्मक आचरणका रूपमा कार्यकलापमा समन्वय रहेको छ । शिक्षकहरूले कक्षा कार्यकलापमा विषयवस्तु, विद्यार्थीका गतिविधि, प्राप्त साधन स्रोत र समयको समन्वय गर्ने प्रयत्न गरेका छन् । यस क्रममा विद्यार्थीलाई आवश्यकता अनुसार नियन्त्रण गर्ने र स्वतन्त्रता दिने रणनीति प्रयोगमा ल्याएका छन् । यसका साथै जोडी तथा समूह कार्यलाई निर्देशित गर्ने, विद्यार्थीहरूविषयान्तर भएको खण्डमानियन्त्रित गरेका छन् । कार्यकलापका क्रममा शिक्षकले विद्यार्थी, विषयवस्तु, वातावरणका बिच समन्वय गर्ने सकारात्मक व्यवहार देखाएका छन् ।

**कक्षा नियमितता** : अवलोकन गरिएका कक्षामा शिक्षक नियमितताको व्यवहार राम्रो रहेको छ । तोकिएको समयमा समग्र पाठ्यांशमा आधारित अभ्यास गराउनै पर्ने जिम्मेवारी उनीहरूमा देखिन्छ । कक्षामा शिक्षकको अनुपस्थितिको मात्र न्यून छ । एउटा कक्षा सकिएको पाँचछ मिनेटभित्र अर्को कक्षामा प्रवेश गरेका छन् । छलफल र अभ्यासमा विद्यार्थीलाई जिम्मेवार बनाउने लक्ष्य उनीहरुमा स्पष्ट देखिन्छ । “हामीले यो पाठ अबको दुई दिनमा छलफल गरेर सक्नुपर्छ”(शिक्षक पहिलो र तेस्रो) जस्ता निर्देशन दिएका छन् । शिक्षकका यसप्रकारकागराइ र भनाइले उनमा कक्षा शिक्षणप्रतिको जिम्मेवारीका साथै नियमितता रहेको झल्किन्छ ।

**अभ्यासको अवसर** : अवलोकन गरिएका कक्षामा विद्यार्थीलाई विभिन्न सिपमा आधारित छलफल गराउने शिक्षकको शैक्षणिक व्यवहार देखिन्छ । शिक्षकहरूले सस्वर वा मौन पठन गर्न लगायतका, उक्त पठनमा आधारित प्रश्न निर्माण गरी एकआपसमा सोध्न लगाएका, कुनै प्रश्न दिई उत्तर लेख्न लगाएका, एकजनालाई पढ्न लगाएर बाँकीलाई पढेको निरीक्षण गर्न निर्देशन दिएका छन् । “विनिता पहिलो अनुच्छेद पढ्ने, अरूले विनिताले गर्ने कमजोरी टिपोट गर्ने” (शिक्षक तेस्रो) । उक्त क्रममा विभिन्न ठाउँमा बसेका विद्यार्थीलाई पालो दिने काम पनि गरिएको छ । कक्षाको पछाडिको लहरमा बसेका, लजाउने प्रवृत्तिका, कमजोर क्षमता भएका, छात्रछात्रा सबैलाई पालो हुने गरी वा सँगसँगै अभ्यास गर्न लगाएका छन् ।

**समयको परिपालना** :नेपाली शिक्षकको कक्षा शिक्षणमा निर्धारित समयको परिपालना सन्तोषजनक देखिएको छ । शिक्षक तीनदेखि पाँचमिनेटको अवधिभित्र कक्षामा प्रवेश गरिसकेका छन् भने कक्षाको लागि निर्धारण गरिएको सबै समय उपयोग गरेका छन् । समूह कार्य तोकिएको समयमा सकिने गरी सङ्क्षिप्त रूपमा गराइएको छ भने मौन वा सस्वर

पठन, लयबोधका अभ्यास, प्रश्नोत्तर, कथाकथन, मूल भाव वा विचारको प्रस्तुतिका क्रममा समयको ख्याल गरिएको छ। कक्षा विषयान्तर भएको अवस्थामा नियन्त्रण गर्ने र विषयमा केन्द्रित गर्ने उपाय अपनाइएको छ।

**विद्यार्थी प्रतिक्रियाको ग्रहण** : कक्षा शिक्षणका क्रममा शिक्षकबाट प्रदर्शित एक व्यवहार विद्यार्थीका प्रतिक्रियाको ग्रहण रहेको छ। विद्यार्थीका सकारात्मक र सहज प्रतिक्रियामा पृष्ठपोषण प्रदान गर्ने, सुखी प्रकट गर्ने गरेका छन्। विद्यार्थीका असहज प्रतिक्रियालाई समेत सावधानीपूर्वक इन्कार गर्दै त्यस किसिमका व्यवहार वा प्रतिक्रिया जनाउनु हुन्न भन्ने भाव सम्प्रेषण गरेका छन्। "विकास तिमीले भनेको कुरा इन्कार गर्न त सकिँदैन तर त्यसरी भन्नु भन्दा यसरी भन्दा उचित रहला ..." (शिक्षक पाँचौं)। कक्षामा प्रस्तुत सकारात्मक र नकारात्मक प्रतिक्रियाको सहज ग्रहण गरेर कक्षा अनुशासन तथा कक्षाको वातावरणलाई व्यवस्थित राख्ने प्रयत्न गरिएको छ।

**टिप्पणी तथा उपयोग** :कक्षाकार्यकलापको क्रममा विद्यार्थीले शिक्षकका प्रश्न र निर्देशन अनुसार प्रतिक्रिया जनाएका छन्। छलफलका क्रममा नयाँ सन्दर्भ र विषयको उठान समेत गरेका छन्। यसक्रममा विद्यार्थीका सही प्रतिक्रियामा शिक्षकले सही थाप्ने, दोहोऱ्याएर कक्षामा सबैले सुन्ने गरी प्रस्तुत गर्ने, प्रेरणा वा पुनर्बल प्रस्तुत गरेका छन्। "स्याबास विजय ! तिमीले भनेको ठिकै हो, यसका साथै डाँडो काट्नुले उमेर सकिनुलाई पनि बुझाउछ" शिक्षक तेस्रो)। यसबाट उत्प्रेरणाका साथै विद्यार्थीको भनाइमा टिप्पणी गर्ने कार्य पनि भएको छ। यसका साथै आंशिक वा पूर्ण गलत प्रतिक्रियामा सुधारेर प्रस्तुत गर्ने तथा सही उत्तर दिने गरेका छन्।

**निर्देशन** : कक्षाकार्यकलापका सुरुमा वा बिच बिचमा आवश्यकता अनुसार शिक्षकबाट निर्देशन दिइएको छ। शिक्षकले पाठ्यवस्तु अनुसार कार्यकलापका लागि, कक्षाकार्यमा विविधताका लागि, कक्षा अनुशासन तथा व्यवस्थापनका लागि निर्देशन दिएका छन्। कतिपय कक्षामा निर्देशन सैद्धान्तिक प्रकृति र कतिपय कक्षामा अपूरा निर्देशन दिइएको भए तापनि कक्षालाई कुन रूपमा कसरी सञ्चालन गर्ने भन्ने कुरालाई मार्ग दर्शनका लागि शिक्षकले आआफ्नै तौरतरिकाका साथ निर्देशन दिएका छन्।

**वातावरणको निर्माण** : शिक्षकबाट कक्षामा सिकाइ वातावरणका लागि उच्चतम प्रयास भएको छ। कक्षाको अनावश्यक हल्लालाई शान्त गराउन, बसाइलाई सहज बनाउन, कार्यकलापमा अधिकतम विद्यार्थी सक्रिय तुल्याउन शिक्षकले उत्प्रेरणा, रमाइला सन्दर्भ, पालो प्रदान, कमजोरलाई प्राथमिकता, प्रेरणादायी कथा, घटना जस्ता उपाय अपनाइएका छन्।

**पृष्ठपोषण** :नेपाली भाषा शिक्षणका क्रममा शिक्षकले देखाएको अर्को शैक्षणिक व्यवहार विद्यार्थी पृष्ठपोषण रहेको छ। विद्यार्थीका सही प्रतिक्रियामा शिक्षकले धन्यवाद, स्यावास, सही भन्यौ, अति राम्रो विस्मबोधक शब्दको प्रयोग र कहिलेकसो विद्यार्थीको

भनाइलाई आदर्शको रूपमा कक्षामा प्रस्तुत गर्दै पृष्ठपोषण प्रदान गरेका छन्। यसरी शिक्षकले सधैं र सबैजसो अवस्थामा नभए पनि आवश्यकता अनुसार पृष्ठषोषणको प्रयोग गरेका छन्।

### *वैयक्तिक व्यवहार*

कक्षाकार्यकलाप सञ्चालनका क्रममा शिक्षकका विभिन्न किसिमका वैयक्तिक व्यवहार प्रदर्शित भएका छन्। ती सकारात्मक र नकारात्मक (सुधारात्मक)दुवै प्रकृतिका देखिन्छन् :

**सकारात्मक** : शिक्षण सिकाइ प्रक्रियालाई सहयोग पुऱ्याउने, शिक्षकको असल व्यक्तित्व प्रदर्शन गर्ने शिक्षकका आचरण सकारात्मकव्यवहार हुन्।उपाध्याय (२०७७) ले "विद्यार्थीको मनोभावना बुझेर शिक्षण गर्ने, विद्यार्थीलाई हरेक पल सहयोग गर्न तत्परता देखाउने, अध्यापन मुख्य पेसा हो भन्ने व्यवहार भएका" शिक्षकलाई सकारात्मक शिक्षकका रूपमा चिनाएका छन्। यस किसिमका व्यवहारले शिक्षकको शैक्षिक व्यक्तित्वलाई विद्यार्थीमाझ प्रिय तुल्याएका हुन्छन्। महर्जन (२०७९) ले "विद्यार्थीसँग साथित्वको भावना राख्ने ,मायालु व्यवहार गर्ने अनि कमजोर र जान्ने विद्यार्थीहरू विच भेदभाव नगर्ने शिक्षक विद्यार्थीका प्रिय हुने" विचार प्रस्तुत गरेका छन्। विद्यार्थीका नकारात्मक व्यवहारलाई समेत नियन्त्रित र सुधारका लागि शिक्षकका यी व्यवहार प्रभावकारी उपाय बन्दछन्। विद्यार्थीका चुनौतीपूर्ण व्यवहारलाई सही अवस्थामा लैजान, तिनीहरूसँग अन्तरक्रिया गर्न, ती व्यवहारको नियन्त्रण गर्ने गुणवत्ता समेत शिक्षकका यिनै व्यवहारमा देखिने (सदरल्यान्ड र अन्य, सन् २००८; स्विन्सन र नाइट, सन् २००७) भएकाले शिक्षण सिकाइमा शिक्षकका व्यक्तिगत सकारात्मक आचरणको भूमिका उच्च रहन्छ। अवलोकन गरिएका कक्षामा शिक्षकहरूका विभिन्न किसिमका सकारात्मक आचरण प्रस्तुत भएका छन्। उनीहरूले सबै विद्यार्थीहरूसँग नजिककोसम्बन्ध निर्माण गरेका छन्। विचार राख्दा, विषयवस्तुलाई प्रस्ट्याउँदा, विद्यार्थीका प्रतिक्रियामा शब्दका साथै हाउभाउ, मुखमुद्राबाट प्रेरणादायी शाब्दिक अशाब्दिक सन्देशका सम्प्रेषण गरेका छन्। कक्षामा कुनै विद्यार्थीलाई भेदभाव नगरी समानताको दृष्टिकोणले हेरेका, सबैसँग समान व्यवहार गरेका, विद्यार्थीमा विश्वासको निर्माण गर्ने प्रयत्नशील रहेका, विद्यार्थीसँग सम्बन्ध, सम्पर्कमा सहजताको भाव दर्शाएका छन्। शिक्षकहरूविद्यार्थीकोभविष्यप्रति चिन्तित देखिएका, आफ्नो कार्यप्रति जिम्मेवारी बोध भएको देखिने किसिमका आचरण शिक्षकबाट प्रस्तुत भएका छन्।

**नकारात्मक (सुधारात्मक)**: सिकाइ प्रक्रियामा समस्या उत्पन्न गराउने, शिक्षकको व्यक्तित्वलाई नकारात्मक सम्प्रेषण गराउने आचरण शिक्षकका नकारात्मक व्यहार हुन्।शिक्षकका यस्ता व्यवहारलाई नकारात्मक व्यवहार भनिन्छ। उपाध्याय (२०७७) ले "विद्यार्थीले केही भन्नासाथ रिसाउने, झर्किने, पिट्ने शिक्षकका व्यवहार"लाई यस वर्गमा राखेका छन्। अवलोकन गरिएका कक्षामा शिक्षकबाट कतिपय विद्यार्थीमा दबाब दिइएको छ।

जस्तै : भोलि यो कार्य पूरा नगर्नेलाई सयसय पटक उठबस गराउँछु । पाँच मिनेटमा यति काम जसरी पनि सक्नुपर्छ । कतिपय विद्यार्थीलाई दण्ड पनि देखिएका छन् । हल्ला गरेको, नजानेको, अनावश्यक तर्क गरेको अवस्थामा हिर्काउने सम्म गरेको देखियो । यसैगरी कतिपय विद्यार्थीले सोधेको, जिज्ञासा राखेको अवस्थामा नसुनेको जस्तो गरेको पनि देखिन्छ । कतिपय सोझासिधा देखिनेहरूमा अपहेलनाको व्यवहार पनि दर्शाएका छन् । "हेर त यसको हविगत, यस्ता घिनलाग्दा अक्षर, यस्तो अर्थ न बर्थको उत्तर दिएर हुन्छ?" (शिक्षक पहिलो) । कतिपय विद्यार्थीले शिक्षकबाट तिरस्कार पनि खेप्नु परेको छ । यसका साथै जान्ने विद्यार्थीले सोध्दा र नजान्नेले सोध्दा फरक व्यवहार देखाइएको, राम्रा लुगा लगाएको, अलि हुनेखाने घरको जस्तो दखिने, राम्री देखिने छात्रालाई गर्ने व्यहार अन्यका तुलनामा कहीँ न कहीँ फरक देखिनु शिक्षकको पूर्वाग्रहपूर्ण आचरण हो । यसले शिक्षकको व्यवहार सबै विद्यार्थीका लागि समान छैन भन्ने पस्टिन्छ ।शिक्षक व्यवहारको सूक्ष्म अध्ययन गर्दा कतिपय विद्यार्थीका संवेदनशील भावमा मतलब नगरी उनीहरूको भावनामा खेलवाड गरेको व्यहार पनि देख्न सकिने अवस्था देखिएको छ ।

## विद्यार्थीका व्यवहार

कक्षाकार्यकलापका क्रममा विद्यार्थीले प्रदर्शित गरेका आचरण विद्यार्थीका व्यवहार हुन् । कक्षा अवलोकनका क्रममा विद्यार्थीले शिक्षण सिकाइ प्रक्रियामा सहयोग पुग्ने र त्यसमा असर पुग्ने दुवै किसिमका व्यवहार देखाएका छन् । मेरी र जेवसिलन (सन् २०१४) का विचारमा "विद्यार्थीका कक्षा व्यवहारले शैक्षिक उपलब्धि हासिल गर्न मुख्य भूमिका खेल्छन् (पृ.५७) । कतिपय विद्यार्थी कक्षाकार्यकलाप र शिक्षकका गतिविधिप्रति सधैँ सकारात्मक देखिए भने केही विद्यार्थीका सबै व्यवहार समस्यामय रहेका छन् । यसैगरी सीमित सङ्ख्याका विद्यार्थीबाट सकारात्मक र नकारात्मक दुवै किसिमका व्यवहार प्रदर्शित भएका छन् ।यहाँ विद्यार्थीका व्यवहारलाई सकारात्मक र नकारात्मक (सुधारात्मक) गरी दुई वर्गमा राखी चर्चा गर्न सान्दर्भिक मानिएको छ ।

### *सकारात्मक*

विद्यार्थीबाट कक्षाकार्यकलापका क्रममा प्रस्तुत शिक्षण सिकाइ कार्यकलापलाई सहयोग पुऱ्याउने प्रकृतिका आचरणलाई सकारात्मक व्यवहार मानिन्छ । अवलोकनका क्रममा शिक्षकले विभिन्न किसिमका सकारात्मक व्यवहार प्रदर्शन गरेका छन् ।

**शिक्षक र सहपाठी सहयोग :** कक्षा अवलोकनका क्रममा विद्यार्थीले शिक्षक, अन्य साथीहरू, सिकाइका विभिन्न अवस्था र चरणका लागि सहयोगी आचरण प्रस्तुत गरेका छन् ।

**अनुशासनको पालना :** कक्षामा शान्त बसेर, कार्यकलापमा सहभागी भएर, शिक्षकका निर्देशनका पालना गरेर, साथीहरूलाई सघाएर विद्यार्थीले अनुशासनको पालना गरेका छन् । सबै कक्षामा अनुशासनको परिपालना उपयुक्त रूपमा भएको छ ।

**कक्षाकार्यमा सहभागिता :**विद्यार्थीले कक्षाकार्यकलापमा सहभागिता जनाएका छन् । शिक्षकले कक्षामा लयवाचन, सस्वर उच्चारण, प्रश्न निर्माण, प्रश्नोत्तर, शब्दार्थ लगायतका लिखित तथा मौखिक अभ्यास गराउँदा कार्यकलापमा सहभागिता जनाएका छन् ।

**गृहकार्य गर्ने :**शिक्षकले अघिल्लो कक्षाको अन्त्यमा दिएका गृहकार्य गरेर ल्याएका छन् । गृहकार्यका बारेमा अधिकांश कक्षामा सुरुमै छलफल वा परीक्षणका कार्य गरिएको छ । कतिपय कक्षामा गृहकार्य सम्बन्धित विद्यार्थीलाई नै कक्षाको अगाडि ल्याएर प्रस्तुत गर्न लगाइएको छ । केही विद्यार्थीले गृहकार्य नगर्ने भए तापनि अधिकांश विद्यार्थीले गृहकार्य गर्ने, केहीले कक्षामा प्रस्तुत गर्न रुचाउने गरेका देखिएको छ ।

**आपसी सम्मान :**कक्षामा विद्यार्थीका बिच आपसमा सम्मान, सरसहयोग गरिएको छ । साथी असर नपर्ने गरी बसेका, कापी, किताब, झोला राखेका, सम्मान गरेर बोलेका छन् । शिक्षक तथा साथीहरूसँग प्रश्न गर्दा, जिज्ञासा राख्दा शालीनताका साथ गरिएको छ ।

**छलफलमा सहभागी :**कक्षामा शिक्षकबाट प्रश्नोत्तर, छलफल, संवाद गराएका अन्तरक्रियाको आयोजना गरिएको छ । जोडी र समूहमा पनि छलफल गराइएको छ । यसमा विद्यार्थीहरू सहभागी भएका छन् । कतिपय सन्दर्भमा शिक्षकले भनेर सहभागी बनेका छन् भने कतिपय विद्यार्थी स्वस्फूर्त सहभागिता जनाएका छन् ।

**प्रश्नका उत्तर दिने :**विद्यार्थीले कक्षामा शिक्षक वा साथीहरूबाट सोधिएका प्रश्नको उत्तर दिएका छन् । प्रश्न सोध्दा डराउने गरेका देखिए पनि जानेको कुरा प्रस्तुत गरेका छन् । व्यक्तिगत रूपमा सोधेका प्रश्नका उत्तर दिँदा केही हडबडाएका, धैर्य बनेर उत्तर दिएका भए पनि सामूहिक रूपमा प्रश्न गर्दा भने अधिकांशले सामूहिक उत्तर दिई सहभागिता जनाएका छन् ।

**निर्देशनको पालना :**शिक्षकले कक्षाका सुरुमा, बिचबिचमा र समाप्तिमा निर्देशनको पालना गरेका छन् । अभिनय, वक्तृता, वादविवाद, समूह कार्य, जोडी कार्य, गृहकार्य, कक्षाकार्य गराउने सन्दर्भमा प्राप्त फरक फरक किसिमका निर्देशनलाई विद्यार्थीबाट पालना गरिएको छ ।

### नकारात्मक (सुधारात्मक)

कक्षामा विद्यार्थीले देखाउने असामाजिक आचरणलाई नकारात्मक व्यवहार भनिन्छ । नकारात्मक आचरणका रूपमा देखापर्नेयस प्रकारका व्यवहारलाई सुधार गर्न आवश्यक रहेकोले यिनलाई भएकाले सुधारात्मक व्यवहार भनिएको हो ।यस्ता व्यवहारले

कक्षाकार्यकलापमा बाधा पुऱ्याइरहेका हुन्छन् । मेरी र जेवसिलन (सन् २०१४) का विचारमा साथीहरूलाई सताउने, कार्यकलाप सञ्चालन भइरहेको बेला बोलेर वा कुनै गतिविधिबाट बाधा पुऱ्याउने व्यवहारले सम्पूर्ण कक्षा शिक्षणमा नकारात्मक असर पारिरहने भएकाले त्यसमा सुधार गर्न आवश्यक हुन्छ (पृ.५७) । अवलोकन गरिएका कक्षामा विद्यार्थीले प्रदर्शन गरेका नकारात्मक व्यवहार निम्न छन् :

**सिकाइप्रति अरुचि :** कक्षामा केही विद्यार्थीले सिकाइप्रति रुचि राखेका छैनन् । त्यस किसिमका विद्यार्थीले पटक पटक घडी हेर्ने, झ्याल वा ढोकाबाट बाहिरतिर हेर्ने, हाई काढ्ने, आङ तान्ने, छेउका साथीसँग खुससुस कुरा गर्ने, अनावश्यक तर्क वा सन्दर्भ उठान गर्ने, कार्यकलापमा सहभागी नहुने, कक्षाकार्य तथा गृहकार्य नगर्ने, सम्झाउन खोज्दा शिक्षकसँग रिसाउने, कुतर्क गर्ने, मुख लाग्ने, केही त टाउ, पेट दुखेको बाहाना गरी डेस्कमा टाउको राखेर सुतिदिने सम्मका व्यवहार देखाएका छन् ।

**विषयान्तर : कक्षा**कार्यकलापका क्रममा कतिपय विद्यार्थी कुनै अवस्थामा छलफलको विषयवस्तुभन्दा बाहिर गएका छन् । कक्षामा अनावश्यक विषयको प्रवेश गराउने, असम्बन्धित प्रश्न गर्ने, सही कुरालाई बङ्ग्याएर प्रस्तुत गर्ने गरेका छन् ।

**शिक्षक खिसिट्युरी :**कुनै कुनै कक्षाका केही विद्यार्थी शिक्षकलाई नै खिसिट्युरी गर्न पछि परेका छैनन् । शिक्षकले नदेख्ने गरी एकआपसमा हाँसोमा उडाउने, शिक्षकका भनाइलाई ख्यालठट्टामा लिने गरेका छन् । जस्तै : सरका लागि मोबाइल कति प्यारो हो पढाउदा पनि याद गर्ने । भोलि घाम वा पानी परेन भने सरले हाम्रो गृहकार्य जाँज्नु हुने देखियो ।

**आपसी तनाव :**कक्षामा कतिपय विद्यार्थीका बिच आपसी तनाबको अवस्था पनि देखिएको छ । बसाइ वा अन्य विषयलाई लिएर आपसमा लड्न खोज्ने, विपरीत लिङ्गी साथीलाई जिस्क्याउने, कमजोर साथीतर्फ कठोर दृष्टिले हेर्ने, हाउभाउका आधारमा पिट्छु, कुट्छु भन्ने गरेको समेत देखिएको छ । कक्षामा अटेसमटेसको बसाइ तनाब बढाउने मुख्य कारक बनेको पाइएको छ ।

**कक्षाकार्य र गृहकार्यमा असहभागी :**कतिपय विद्यार्थी कक्षाकार्य र गृहकार्य नगर्ने देखिएको छ । कक्षाकार्यमा आलटाल गरेर समय गुजार्ने र गृहकार्य कहिल्यै नगर्ने विद्यार्थी नेपाली भाषा कक्षामा रहेको पाइएको छ । यसबाट उनीहरू अभ्यासबाट भाग्न खोजेको देखिन्छ । कक्षाका कमजोर विद्यार्थीले यस किसिमको आचरण देखाएका छन् ।

**उदाशीनता :**कक्षाका केही विद्यार्थी सिकाइ तथा कक्षाकार्यकलापप्रति उदाशीन रहेका देखिन्छन् । शिक्षकले नाम नै तोकेर भन्दा केही सजग भए पनि अधिकांश समय चुपचाप बस्ने, किताब हेरे जस्तो गर्ने व्यवहार केही विद्यार्थीबाट प्रस्तुत भएको छ । प्रश्न गर्दा बडो मुस्किलले उत्तर दिने, कक्षाकार्य अति ढिला गर्ने, टार्ने, दबाब दिँदा झर्किने सम्मका व्यवहार

गरेका देखिएको छ । त्यस किसिमका विद्यार्थी समग्र सिकाइप्रति नै दिक्दार मानेको देखिएको छ ।

**व्यवधान :**केही विद्यार्थीले कक्षाकार्यकलापमा सधैं व्यवधान सिर्जना गरेका छन् । आपसमा सुसखुस बोलिरहने, अनावश्यक आवाज निकाल्ने, कुतर्क गरेर शिक्षक वा साथीहरूलाई उल्याउने, सम्झाउदा नटर्ने गरेर कक्षामा समस्या निर्माण गरिरहेका देखिन्छन् । भाषिक, अभाषिक वा अन्य कुनै किसिमले कक्षाको वातावरणमा असर पारेर व्यवधान खडा गर्ने आचरण केही विद्यार्थीबाट कक्षामा प्रदर्शित गरिएको छ ।

तथ्याङ्कको विश्लेषणबाट प्राप्त नतिजाले शिक्षक विद्यार्थीबाट सकारात्मक र नकारात्मक दुवै किसिमका व्यवहार प्रस्तुत गरेको ठहर्छ । नकारात्मक व्यवहारमा देखिएका समस्याले सिकाइमा असहयोग भइरहेको तथा बाधा परिरहेको भन्ने बुझिन्छ । यस किसिमका व्यवहारले शिक्षक र विद्यार्थी दुवैका लागि तनाबको स्तर बढाउँछ, पाठको प्रवाहमा बाधा पुऱ्याउनाका साथै सहभागीका बिच आपसी द्वन्द्वको अवस्था सिर्जना गर्छ (पार्सन्स, सन् २०१२, पृ.१६)।विद्यार्थीहरूले शिक्षकले पढाएका कुराहरू सुनेर सिक्छन् भन्नु गल्ती हो, शिक्षकले गर्ने हरेक व्यवहार र बोल्ने शब्दहरूबाट केही न केही सिकिरहेका हुन्छन्(महर्जन, २०७९) । शिक्षकका ससाना व्यवहार विद्यार्थी सिकाइमा ठुलो प्रभाव पारेको हुन्छ । कक्षामा प्रभावकारी सिकाइ हुन नसक्नुको प्रमुख कारण शिक्षकका ससाना कमजोरी र विद्यार्थीले नकारात्मक व्यवहार अधिक प्रस्तुत गर्नु रहेको छ ।

## निष्कर्ष

प्रस्तुत अध्ययनमा माध्यमिक तहको कक्षा दशमा नेपाली विषय शिक्षणका क्रममा शिक्षक र विद्यार्थीले प्रस्तुत गर्ने व्यवहारको विश्लेषण गरिएको छ । शिक्षक विद्यार्थीका सकारात्मक व्यवहार शिक्षण सिकाइका लागि सहयोगी देखिन्छन् भने नकारात्मक व्यवहारले सिकाइ प्रक्रियालाई बाधा उत्पन्न गरेका छन् । शिक्षकका व्यवहारलाई शैक्षणिक आचरण र व्यक्तिगत आचरण गरी दुई प्रकारमा र व्यक्तिगतलाई पनि सकारात्मक र नकारात्मक गरी चर्चा गरिएको छ । यसैगरी विद्यार्थीका व्यवहारलाई भने सकारात्मक र नकारात्मक दुई प्रकारमा केलाइएको छ । विद्यार्थीका नकारात्मक व्यवहारका कारण शिक्षकले उपयुक्त किसिमले कक्षा सञ्चालन गर्न सकेका छैनन् । उनीहरूका शैक्षिक निर्देशनको परिपालना पनि भएको छैन । कक्षा अशान्त वा विषयान्तर भई गराइएका अभ्यास प्रभावकारी किसिमले हुन सकेका छैनन् ।

शिक्षकले शिक्षण सिकाइ प्रक्रियालाई व्यवस्थित तुल्याउन, विभिन्न सिपमा आधारित अभ्यास गराउन शैक्षणिक व्यवहार प्रस्तुत गरेका छन् । शिक्षकका व्यक्तिगत आचरणका रूपमा प्रकट हुने सकारात्मक आचारणबाट कक्षाको वातावरण सहज बनेको छ । विद्यार्थीले शिक्षकसँग प्रश्न, जिज्ञासा सहजै राख्न, शिक्षकसँगै अभ्यासमा सहभागी बन्न पाएका देखिन्छन्

भने सुधारात्मक व्यवहारबाट विद्यार्थीलाई कार्यकलापमा सहभागी बन्न, सिक्न कठिनाइ भएको छ। शिक्षक र विद्यार्थीका नकारात्मक व्यवहारलाई सुधार गर्नुपर्ने भएकाले सुधारात्मक भनिएको छ यसको अर्थ तिनमा सुधार हुनुपर्छ। त्यस किसिमका व्यहार भाषा सिकाइका बाधक देखिएका छन्। कक्षाकार्यकलापका क्रममा शिक्षकका व्यवहारले विद्यार्थीको सिकाइमा र विद्यार्थीका व्यवहारले शिक्षकको शिक्षण प्रक्रियामा समस्या खडा गरेको स्पष्ट देखिन्छ। तिनको विषयमा शिक्षक विद्यार्थी स्वयम्ले मूल्याङ्कन गरी आगामी दिनमा सुधारसहित कक्षाकार्यकलापमा सरिक हुन आवश्यक छ।

## कृतज्ञताज्ञापन

यो लेख त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायमा विद्यावारिधि अध्ययनका क्रममा तयार पारिएको हो। यसक्रममा विद्यावारिधि अनुसन्धान वृत्ति प्रदान गरी मेरो अनुसन्धान कार्यलाई सहज र प्रभावकारी बनाउन आर्थिक सहयोग गर्ने, आन्तरिक रूपमा अभिप्रेरित गर्ने विश्वविद्यालय अनुसन्धान आयोग, यस संस्थाका अध्यक्ष र कर्मचारीहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु।

## सन्दर्भसामग्री

उपाध्याय, गणेशप्रसाद (२०७७ जेठ १०). *शिक्षकका गुण र सामुदायिक विद्यालयको सिकाइ सुधार हुन नसक्नुको कारण.* एडुखबर ।https://rb.gy/60me7

पौड्याल, शिवराज (२०७७ भाद्र २७). *शिक्षक, शिक्षण र प्रभावकारी विद्यालय.* इडुपत्र। https://shorturl.at/bchv4

महर्जन, रविना (२०७९ कार्तिक १७). *शिक्षक विद्यार्थी सम्बन्ध कस्तो हुनुपर्ला?* इडुपत्र। https://rb.gy/60me7

Cross, K. P. (1987). Teaching for learning. *AAHE Bulletin*, *39*(8), 1–6.https://files.eric.ed283446.tif.pdf

Fredricks, J. A., Blumenfeld, P. C., & Paris, A. H. (2004). School engagement: Potential of the concept, state of the evidence. *Review of educational research, 74*(1), 59–109.

Hein, V. (2012). The effect of teacher behaviour on students motivation and learning outcomes: A review. *Acta Kinesiologiae Universitatis Tartuensis*, *18*, 9–19.http://dx.doi.org/10.12697/akut.2012.18.02

Lopes, J., Silva, E., Oliveira, C., Sass, D., & Martin, N. (2017). Teacher's classroom management behavior and students' classroom misbehavior A study with 5th through 9th-grade students. *Electronic Journal of Research in*

*Educational Psychology*, *15*(3), 467- 490. http://dx.doi.org/10.14204/ejrep.43.17075

Mary, A., & Jebaseelan, A. U. S. (2014). Student learning behavior and academic achievement-unraveling its relationship. *Indian Journal of Applied Research,4*(12), 57–59. https://www.researchgate.net/publication/307964442

Obaki, S. O. (2017). Impact of Classroom Environment on Children's Social behaviour. *International Journal of Education and Practice*, *5*(1), 1–7.http://dx.doi.org/0.18488/journal.61/2017.5.1/61.1.1.7

Parsonson, B. S. (2012). Evidence-Based Classroom Behaviour Management Strategies. *Kairaranga, 13*(1), 16–23.

Rashid, M. A. U. H., & Zaman, S. (2018, February). Effects of teacher's behavior on academic performance of students. In *3rd International Conference on Research and Practices in Education*, 1, 1–15.

Riahipour, P., Ketabi, S., & Dabbaghi, A. (2014). Iranian EFL Teachers' Perceptions of Traditional, Innovative and. *The Iranian EFL Journal*, *18*(2), 268–286.

Shah, A. S. S. (2009). *Impact of teachers behaviour on the academic achievement of university students* [Unpublished doctoral dissertation]. University Institute of Education and Research, Arid Agriculture University.

Sun, R. C. F., & Shek, D. T. L. (2012). Student classroom misbehavior: An exploratory study based on teachers' perceptions. *The Scientific World Journal*, 1–8. http://dx.doi.org/10.1100/2012/208907

Sutherland, K. S., Lewis-Palmer, T., Stichter, J., & Morgan, P. L. (2008). Examining the influence of teacher behaviour and classroom context on the behavioural and academic outcomes for students with emotional or behavioural disorders. *Journal of Special Education*, 41(4), 223–233.

Swinson, J., & Knight, R. (2007). Teacher verbal feedback directed towards secondary pupils with challenging behaviour and its relationship to their behaviour. *Educational Psychology in Practice,* 23(3), 241–255.

Sybouts, W. and F, C. Wendel (1994). The Training and Development of School Principals. Green Wood Press.